# ११।२।११।२ को मन्त्रिमण्डलको निर्णयको आधारमा भारतीय अन्तःशुल्क फिर्ता हुने गरी माल पैठारी गर्ने तथा समुद्रपार मुलुकबाट नेपालको निमित्त पैठारी भएको माल भारतको बाटो नेपाल ल्याउने सम्बन्धमा जारी गरिएका अड्डा अड्डाको निमित्त थप सवालहरू

भन्सार बजार अड्डाहरूले:—

१. माथि उल्लेखित विषयहरूबारे साथै प्रकाशित कार्यप्रणालीहरूमा खुलेका कुरामा सोहीबमोजिम गर्नू।

२. उक्त कार्यप्रणालीहरूमा ठाउँठाउँमा फारामका विभिन्न प्रतिहरू यसै कामको लागी मुकरर भएका नेपाली प्रतिनिधिमार्फत पठाउने ल्याउने भनेकोमा कुनै कारिन्दासम्मलाई प्रतिनिधि मुकरर गर्ने गर्नू।

३. उपरोक्त कार्यप्रणालीहरूको दफा ७ (क) को हकमा:—

(क) यसरी पैठारी भएको मालजातिको छुट्टै स्याहा स्रेस्ता खडा गरी राख्नु

(ख) यस्ता मालहरू रीतपूर्वक जाँची, ड्यूटी फारामको १ प्रति नक्कलमा चाहिने बेहोरा जनाई निस्सा लगाई टिकटदस्तुर लिई रसीदको बदलामा उक्त फारामको नक्कल दी ‍ छाडिदिने गर्नु । यो नक्कल ~ रसीदसरहको प्रमाण ठहरिनेछ।

(ग) अर्को बजार, भन्सार इलाकामा जानेमा फेरि आफ्नो अड्डाको सील लगाई छोडिदिनू तथा उपरोक्त ड्यूटी फारामको नक्कलको अलावा जुन भन्सार बजारमा जाने हो, सो अड्डाको नाउँमा फारामअनुसार यो यस्तो माल यति ल्याएको छ भन्ने सबै विवरण खोली पुर्जी पनि गरिदिनू। शङ्का लागेमा अदत खोली जाँची आफ्नो सील लगाई घटबढ भए पुर्जीमा सो कुरा जनाई दिनू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. (क) यस्तो माल आएमा बाटामा पर्ने बजार भन्सार चौकीहरूले सो पुर्जी र फारामको नक्कल र ऊद्न भिडाई पुर्जी र फारामको पीठमा चाहिने बेहोरा जनाई निस्सा लगाई छाडिदिनु।

(ख) पुर्जीमा किटिएको बजार भन्सारमा सो माल दाखिल भएपछि पुर्जी बुझिलिई फारामको पीठमा चाहिने बेहोरा जनाई निस्सा लगाइदी महसूल नली माल छाडिदिनु ।

(ग) काठमाडौं गौचर भन्सारहरूले यस्तो मालको छुट्टै किताप खडा गरी राख्नु र माथि उपदफा (ख) बमोजिम टुंगिएको पुर्जीबाट उतार भिडाउने गर्नु। यस्तो मालको अरू थप स्याहा स्रेस्ता गत बैठी गर्नुपर्दैन।

५. यसरी पैठारी भएको मालहरूको विवरण अर्थात माल, मोल, महसूल, तौल, गोटा गिन्ती, नाप, पैठारी भएको मुलुक देखिने गरी छुट्टै मास्केवारी तेरिज खडा गरी महिना नावेको ७ दिन भित्र अर्थमन्त्रालय आय विभागमा चलान गर्ने गर्नु।

६. दफा ७ (ध) को इकपा:—

(क) ७।७दिनको पटक गरी रजिष्टरी गरी भारतीय हुलाकबाट (बीरगंजबाहेक) चलानीसाथ फारामहरू अर्थ— मन्त्रालय महसूल फाँटमा पठाउने गर्नु। चलानीमा साथै पठाएका फारामको नम्बर, मिति, महसूलअङ्कसमेत खोल्नुपर्छ।

(ख) यसरी चलान गरी पठाएका फारामहरू अर्थमन्त्रालय दाखिल भएको भरपाई झिकाउने गर्नु। टायममा भरपाई नआए तर तावेता गरी मगाई लिनु।

७. दफा ३ [क] बमोजिमको स्याहा र दफा ६ [क] बमोजिमको भरपाई एका महिनाको तेस्रा महिनाको ७ गतेभित्र एकाउण्टेण्ट जनरल अफिसमा चलान गर्ने गर्नु।

अर्थमन्त्रालय महसूल फाँटले:—

८. अर्थमन्त्रालय महसूल फाँटमा सो फारामहरू दाखिल भएपछि सो फाँटको मुख्य कर्मचारीले:—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) ३ दिनभित्र सम्बन्धित भन्सारलाई भरपाई पठाइदिनु ।

(ख) त्यस्तो फारामहरूको मास्केवारी लगत कितापमा दर्ता गर्नु ।

(ग) टायम टायममा त्यस्ता फारामहरूमा अर्थ–सेक्रेटरीको सहि गराई चलानीसाथ भारत— दूतावासमा पठाउनु ।

(घ) सो फारामहरू भारतीय राजदूतावासमादाखिल भएको रसीद लिइराख्नु ।

(ङ) म्याद नाघेर फाराम आएको भए म्याद थप्ने जो चाहिने कारवाई तुरुन्त गर्नु।

(च) भारतीय राजदूतावासमा चलान भएर गएको फारामहरूको रुपैयाँ बैंक दाखिल भए नभएको चेक गर्ने गर्नु । टायममा दाखिल नभएको भए जो चाहिने तर ताकिता लेखापढी गर्नु ।

(छ) दफा ८ (ख) बमोजिमको लगत किताब र दफा ८ (घ) बमोजिमको रसीद एका महिनाको चौथा महिनाको ७ गतेभित्र एकाउण्टेण्ट जनरल अफिसमा दाखिल गर्ने गर्नु ।

९. एकाउण्टेण्ट जनरल अफिसले: —

(क) दफा ७ बमोजिमको स्याहा टायम टायममा दाखिल गराई लिई जाँची अर्को महिनाभित्र भन्सारलाई फारक दिने गर्नु ।

(ख) दफा ८ (छ) बमोजिमको सूस्ता टायम टायममा दाखिल गराई लिई जाँची अर्को महीनाभित्र महसूल फाँटलाई फारक दिने गर्नु ।

(ग) पासबुकसमेत भिडाई महसूल फाँटबाट दाखिल भएको फारामहरू बमोजिमको रुपैयाँ बैंकमा टायम टायममा जम्मा भए नभएको चेक गर्ने गर्नु । दाखिल नभए महसूल फाँटबाट जो चाहिने लेखापढी गराई दाखिल गराउनु ।

आज्ञाले —

हिमालयशमशेर,

सेक्रेटरी — अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।